# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, कात्तिक १४ गते २०५१ साल (सख्या २८

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

निर्माण तथा यातायात मन्त्रालयका सचिव श्री नारायणराज तिवारी अध्ययन भ्रमणमा स्विट्जरलैण्डतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव (प्रा.) श्री देवेन्द्रप्रसाद रिमाललाई मिति २०५१।६।२६ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री जीतबहादुर मानन्धर कर्मचारी संचय कोषसँग सम्बन्धित अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्थाको बैठकमा भाग लिन ट्यूनिशियातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री विष्णुप्रसाद खत्रीलाई मिति २०५१।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।